**२०७७ बैशाख १ देखि साउन ३१ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण**

| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २०८ | ६६ | १६२ | ७ | १२ | ३ | ५१ | ० | १६५ | **२६६** | **७८** | **३३०** |

**२०७७ जेठ ३० मनसुन सुरु भएदेखि साउन ३१ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण**

| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २०६ | ६६ | १६१ | ४ | ११ | १ | २१ | ० | ४६ | **२३१** | **७७** | **२०८** |

**२०७७ साउन ३१ देखि ३२ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण**

| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ५ | ३ | ८ | ० | ० | ० | ० | ० | ० | **५** | **३** | **८** |

# दैनिक विपद् बुलेटिन

३१ साउन विहान १०:०० बजेदेखि ३२ साउन विहान १०:०० बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर ३ स्थानमा **पहिरो,** १ स्थानमा **हावाहुरी,** १ स्थानमा **आगलागी,** १ स्थानमा **चट्याङ्ग,** १ स्थानमा **जंगली भालुको आक्रमण**का घटना घटेका छन् । यी घटनामा परेर ८ जनाको **मृत्यु,** १ जना **घाईते** भएका छन् । **पहिरो**का कारण १ स्थानमा **बाटो अवरुद्ध** भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ८ | ० | ७ | १ | ४,७०,००० | १ | २ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का ७ वटा घट्ना भएका छन् ।
- **सिन्धुपाल्चोक**को जुगल गाउँपालिका वडा नं २ लिदीमा साउन ३० गते गएको पहिरोमा बेपत्ता रहेका ७ जनाको शव फेला परेको । **जम्मा मृत्यु १८ जना (सनाखत), ५ जना घाईते, र २१ जना बेपत्ता ।**
- **बाग्लुङ्ग**को निसिखोला गाउँपालिका वडा नं ३ धारखर्कस्थित एक घर **पहिरो** आई भत्कन जाँदा घरमा सुतिरहेकी **एक** ६० बर्षकी महिलाको **मृत्यु** ।
- **संखुवासभा**को मकालु गाउँपालिका वडा नं २ टासीगाँउस्थित आफ्नै बारीमा मकै भाच्ने क्रममा अचानक जंगली भालुले आक्रमण गर्दा १ जना **घाईते** ।
- **कैलाली**को वर्दगोरीया गाउँपालिका वडा नं ४ स्थित एक घरमा **चटयाङ** पर्दा विद्युतको मिटर बक्स र घरको वाईरिङ तारहरु जलेको र वाल नजिकै बाँधी राखेको १ वटा सुँगुरको मृत्यु ।

## घट्ना सारांश...

- **खोटाङ्ग**को दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वडा नं ६ नेर्पास्थित श्री निरौले आवासीय विद्यालयको कम्पाउण्डभित्र रहेको रुख **हावा**को कारणले ढलि बिधालयको २ कोठे भवन पुर्णरुपमा क्षति हुँदा ४ **लाख रुपैंया** बराबर क्षति, सोही ठाउँमा रहेको एक गोठमा बाँधेको १ ओटा गाईलाई समेत उक्त रुखले लागि मृत्यु हुँदा **२० हजार रुपैंया** बराबरको क्षति ।
- **सिन्धुपाल्चोक**को भोटेकोशी गाउँपालिका वडा नं ४ लुकसिङस्थित एक घर छेउमा **पहिरो** जाँदा घरको २ वटा कोठा पूर्णरुपमा भत्काई क्षति, घर मुनी र छेउबाट ठाडो खोला र नदीले जमिन कटान गरी उक्त ठाउँका अन्य घरहरु उच्च जोखिममा, पिडितहरु हाल आफन्तकोमा गई बसेको ।
- **झापा**को बिर्तामोड नगरपालिका वडा नं ५ स्थित एक घरको भान्सा कोठामा राखेको फ्रिजबाट बिद्युत सर्ट भई **आगलागी** हुँदा कोठामा रहेको फ्रिज र ईलेक्ट्रिक चुला जलि **५० हजार रुपैंया** बराबरको क्षति ।

## बाटो अवरोध

- **दैलेख**को आठबीस नगरपालिका वडा नं १ कुमालुखोला नजिकै **कर्णाली राजमार्ग**मा अविरल बर्षाको कारण माथिबाट **पहिरो** आई **बाटो अवरुद्ध** ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट पहिरो र जंगली भालुको आक्रमणमा परी घाईते भएकाको उद्धार गरी नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पठाइएको, सिन्धुपाल्चोकको लिदी लागयतका पहिरोमा परी बेपत्ता भएकाहरुको खोजी कार्य जारी रहेको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै अबरुद्ध बाटो खुलाउने प्रयास भइरहेको ।

## बाढी पूर्वानुमान

श्रावण-३२ (आइतबार) (विहान ७ बजे देखि २४ घण्टा)

- **आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाब सामान्य घटबढ हुने तथा सतर्कता भन्दा तलै हुने । आज नारायणी, कर्णाली र यसका सहायक नदीमा बहाब घटबढ हुने तर सतर्कता भन्दा केही मात्र तल हुने ।**
- **आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई लगायतमा पनि बहाब सामान्य घटबढ हुने तथा सतर्कता भन्दा तलै हुने ।**
- **आज संखुवासभा, ओखलढुङ्गा, रामेछाप, दोलखा, सिन्धुली, काभ्रेपलान्चोक, काठमाडौं उपत्यका, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, धादिङ, मकवानपुर, चितवन, गोरखा, पाल्पा, गुल्मी, तनहुँ, लमजुङ, स्याङ्जा, कास्की, पर्वत, बाग्लुङ, म्याग्दी, रुकुम, रोल्पा, दाङ, सुर्खेत, सल्यान, डोटी, अछाम, कैलाली, कञ्चनपुर, डडेल्धुरा र आसपास भई बहने स-साना नदीमा बहाव केही बढ्ने तर सतर्कता भन्दा तलै हुने ।**

**नोट :पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङले उच्च जोखिमको संकेत गर्छ।**

**थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः[http://hydrology.gov.np/](http://hydrology.gov.np/)**

## वर्षाको सारांश

साउन ३१ गते बिहान ०८:४५ बजे देखि साउन ३२ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०४/३२ गते बिहान ०८:४५ बजे १८७ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ५४ र स्वचालितः १३३) मा मापन गरिएको वर्षाको विवरण अनुसार १५० वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (९७.८ मि. मी.) डोटी जिल्लाको चिउरी केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये ९ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, २१ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ५० वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि [www.dhm.gov.np/climate/](www.dhm.gov.np/climate/)मा हेर्नुहोस।**